"मीठे बच्चे– यी आँखाले जे देखिन्छ , त्यसलाई देखेर पनि नहेर , त्यसबाट ममत्व निकालिदेऊ किनकि यसमा आगो लाग्नु छ।"

प्रश्नः– ईश्वरीय सरकारको गुप्त कर्तव्य कुनचाहिँ हो, जसलाई दुनियाँले जान्दैन?

उत्तरः– ईश्वरीय सरकारले आत्माहरूलाई पावन बनाएर देवता बनाउँछ– यो हो धेरै गुप्त कर्तव्य, जसलाई मनुष्यले बुझ्न सक्दैनन्। जब मनुष्य देवता बन्छन् तब नै नर्कवासीबाट स्वर्गवासी बन्न सक्छन्। मनुष्यको सारा चरित्र विकारले नै बिगारेको हो। अहिले तिमीले सबैलाई श्रेष्ठ चरित्रवान् बनाउने सेवा गर्छौ, यही तिम्रो मुख्य कर्तव्य हो।

ओम् शान्ति। ओम् शान्ति भन्दा आफ्नो स्वधर्म र आफ्नो घर याद आउँछ तर घरमा बस्नु त छैन। बाबाका बच्चा बनेका छौं, त्यसैले अवश्य स्वर्गको वर्सा पनि याद आउँछ। ओम् शान्ति भन्ने बित्तिकै सारा ज्ञान बुद्धिमा आउँछ। म आत्मा शान्त स्वरूप हुँ, शान्तिको सागर बाबाको बच्चा हुँ। जुन बाबाले स्वर्गको स्थापना गर्नुहुन्छ, उहाँ बाबाले नै हामीलाई पवित्र, शान्तस्वरूप बनाउनु हुन्छ। मुख्य कुरा हो पवित्रताको। पवित्र दुनियाँ र अपवित्र दुनियाँ हुन्छ। पवित्र दुनियाँमा एउटा पनि विकार हुँदैन। अपवित्र दुनियाँमा ५ विकार छन्। त्यसैले भनिन्छ विकारी दुनियाँ। त्यो हो निर्विकारी दुनियाँ। निर्विकारी दुनियाँबाट सिँढी उत्रिँदा उत्रिँदा फेरि तल विकारी दुनियाँमा आउँछौ। त्यो हो पावन दुनियाँ, यो हो पतित दुनियाँ। रामराज्य र रावण राज्य हो नि! समयको आधारमा नै दिन र रात भनिन्छ। ब्रह्माको दिन र ब्रह्माको रात। दिन सुख, रात दुःख। रातमा भट्किन्छन्। हुन त रातमा कोही भट्किँदैनन् तर भक्तिलाई भट्किँनु भनिन्छ। तिमी बच्चाहरू यहाँ आएका हौ सद्गति प्राप्त गर्नको लागि। तिम्रो आत्मामा ५ विकार भएको कारण आत्मामा पाप थियो, त्यसमा पनि मुख्य हो काम विकार, जसबाट नै मनुष्य पापआत्मा बन्छन्। यो त हरेकले जानेका छन् हामी पतित हौं। भ्रष्टाचारबाट नै पैदा भएका हौं। एक काम विकारको कारणले नै सारा क्वालिफिकेसन नष्ट हुन्छ। त्यसैले बाबा भन्नुहुन्छ– यस काम विकारलाई जित तब जगतजित नयाँ दुनियाँको मालिक बन्छौ। भित्र मनमा यति खुसी हुनु पर्छ। मनुष्य पतित बनेका छन्, त्यसैले केही पनि बुझ्दैनन्। यस काम विकारको लागि नै कति हङ्गामा हुन्छ। कति अशान्ति, हाहाकार हुन्छ। यस समयमा दुनियाँमा किन हाहाकार छ? किनकि सबै पाप आत्माहरू छन्। विकारको कारणले नै असुर भनिन्छ। अहिले बाबाद्वारा जानेका छौं– हामी त बिल्कुल कौडी समान (वर्थ नट ए पेनी) थियौं। काम नलाग्ने चीजलाई आगोमा जलाइन्छ। अहिले तिमी बच्चाहरूले जान्दछौ– दुनियाँमा कुनै चीज कामको छैन। सबै मनुष्य मात्रलाई आगो लाग्दै छ। जे जति यी आँखाले देखिन्छ ती सबैमा आगो लाग्छ। आत्मालाई त आगो लाग्दैन। आत्मा त मानौ सुरक्षित छ। आत्माको कहिल्यै बिमा गराउँछन् र? बिमा त शरीरको गराउँछन्। बच्चाहरूलाई सम्झाइएको छ– यो खेल हो। आत्मा त ५ तत्वहरू भन्दा पनि माथि रहन्छ। ५ तत्वहरूबाट नै सारा दुनियाँका सामग्री बन्छन्। आत्मा त बन्दैन, आत्मा त सदैव हुन्छ नै। केवल पुण्य आत्मा, पाप आत्मा बन्छ। ५ विकारबाट आत्मा कति फोहोरी बनेको छ। अहिले बाबा आउनु भएको छ पापहरूबाट छुटाउन। विकारबाट सारा चरित्र बिग्रिन्छ। चरित्र केलाई भनिन्छ– यो पनि कसैलाई थाहा छैन। गायन पनि छ– पाण्डव राज्य, कौरव राज्य। तर पाण्डव को हुन्, यो पनि कसैले जानेका छैनन्। अहिले तिमीले जान्दछौ– हामी ईश्वरीय सरकारका हौं। बाबा आउनु भएको छ रामराज्य स्थापना गर्न। यस समयमा ईश्वरीय सरकारले के गर्दैछ? आत्माहरूलाई पावन बनाएर देवता बनाउँछ। नत्र फेरि देवता कहाँबाट आए– यो कसैले जानेका छैनन्। त्यसैले यसलाई गुप्त सरकार भनिन्छ। हुन त यिनीहरू पनि मनुष्य हुन् तर देवता कसरी बन्छन्, कसले बनाउनु भयो? देवी-देवता त हुन्छन् नै स्वर्गमा। अब उनीहरूलाई स्वर्गवासी कसले बनाउनुभयो। स्वर्गवासीबाट फेरि नर्कवासी बन्छन्। फेरि नर्कवासी नै स्वर्गवासी बन्छन्। यो तिमीले पनि जान्दैनथ्यौ। फेरि अरू कसले जान्न सक्छन्! स्वर्ग सत्ययुगलाई, नर्क कलियुगलाई भनिन्छ। यो पनि तिमीले अहिले बुझेका छौ। ड्रामा यस्तै बनेको छ। यो पढाइ हो नै पतितबाट पावन बन्ने। आत्मा नै पतित बन्छ। पतितबाट पावन बनाउनु– यो धन्दा बाबाले तिमीलाई सिकाउनु भएको छ। पावन बन्यौ भने पावन दुनियाँमा जान्छौ। आत्माहरू पावन बनेपछि मात्र स्वर्गका लायक बन्छन्। यो ज्ञान तिमीलाई यस सङ्गममा नै मिल्छ। पवित्र बन्ने हतियार मिल्छ। पतित-पावन एक बाबालाई नै भनिन्छ। भन्छन्– हामीलाई पावन बनाउनुहोस्। यी लक्ष्मी-नारायण स्वर्गका मालिक थिए। फेरि ८४ जन्म लिएर पतित बनेका छन्। श्याम र सुन्दर, यिनको नाम पनि यस्तो राखिएको छ तर

मानिसहरूले अर्थ कहाँ जान्दछन् र! श्रीकृष्णको विषयमा पनि स्पष्ट समझ मिल्छ। यसमा दुई दुनियाँ बनाइदिएका छन्। वास्तवमा दुनियाँ त एउटै हो। त्यही नयाँ र पुरानो हुन्छ। पहिला साना बच्चा फेरि ठूला बनेर वृद्ध हुन्छन्। दुनियाँ पनि नयाँबाट पुरानो हुन्छ। तिमीले सम्झाउनको लागि कति मेहनत गर्छौ। आफ्नो राजधानी स्थापना गरिरहेका छौ नि। यिनले पनि बुझेका छन् नि। समझबाट कति मीठा बनेका छन्। कसले सम्झाउनु भयो? भगवानले। लडाइँ आदिको त कुरा नै होइन। भगवानले कति समझदार, ज्ञानी बनाउनु हुन्छ। शिवको मन्दिरमा गएर नमन गर्छन् तर उहाँ के हुनुहुन्छ, को हुनुहुन्छ, यो कसैले पनि जानेका छैनन्। केवल भनिरहन्छन् शिवकाशी विश्वनाथ गङ्गा..., अर्थ केही पनि बुझ्दैनन्। सम्झायो भने भन्छन्– तपाईहरूले हामीलाई के सम्झाउनु हुन्छ, हामीले त वेद-शास्त्र आदि सबै पढेका छौं। तिमी बच्चाहरूमा नम्बरवार छन् जसले यो धारण गर्छन्। कतिले त भुल्छन् किनकि बिल्कुल पत्थरबुद्धि बनेका छन्। अहिले जो पारसबुद्धि बनेका छन् उनीहरूको काम हो अरूलाई पनि पारसबुद्धि बनाउनु। पत्थरबुद्धिको एक्टिभिटी नै यस्तो चल्छ किनकि हंस-बकुल्ला भए नि। हंसले कहिल्यै कसैलाई दुःख दिँदैन। बकुल्लाले दुःख दिन्छ। तिनलाई असुर भनिन्छ। पहिचान हुँदैन। धेरैजसो सेन्टरहरूमा पनि यस्ता विकारीहरू धेरै आउँछन्। बहाना बनाउँछन् हामी पवित्र रहन्छौं तर हुन्छ झुटो। भनिन्छ पनि झुटो दुनियाँ...। अहिले हो सङ्गम। कति फरक पर्छ। जो झुटो बोल्छन्, झुटो काम गर्छन्, उनै थर्ड ग्रेडका बन्छन्। फर्स्ट, सेकेण्ड, थर्ड ग्रेड हुन्छ नि। बाबा बताउन सक्नुहुन्छ– यो थर्ड ग्रेड हो।

बाबा सम्झाउनु हुन्छ– पवित्रताको पूरा सबुत दिनु छ। कतिले तिमीलाई भन्छन्– तपाईहरू दुवै सँगै रहेर पवित्र रहनुहुन्छ– यो त असम्भव छ। तर बच्चाहरूमा योगबल नहुनाको कारण यति सहज कुरा पनि पूर्ण रूपले सम्झाउन सक्दैनन्। उनलाई यो कुरा कसैले सम्झाउँदैनन्– यहाँ हामीलाई भगवानले पढाउनु हुन्छ। उहाँले भन्नुहुन्छ– पवित्र बन्नाले तिमी २१ जन्म स्वर्गको मालिक बन्छौ। जबरजस्त चिट्ठा मिल्छ। हामीलाई अझै खुसी हुन्छ। कति बच्चाहरूले गन्धर्व विवाह गरेर पवित्र रहेर देखाउँछन्। देवी-देवताहरू पवित्र हुन्छन् नि। अपवित्रबाट पवित्र त एक बाबाले नै बनाउनु हुन्छ। यो पनि सम्झाइएको छ ज्ञान, भक्ति, वैराग्य। ज्ञान र भक्ति आधा आधा हुन्छ फेरि भक्तिपछि हुन्छ वैराग्य। अब यस पतित दुनियाँमा रहनु छैन, यो कपडा उतारेर घर जानु छ। ८४ को चक्र अब पूरा भयो। अब हामी जान्छौं शान्तिधाम। पहिला सुरुमा अल्फको कुरा भुल्नु हुँदैन। यो पनि बच्चाहरूले बुझेका छौ– यो पुरानो दुनियाँ अवश्य खतम हुन्छ। बाबाले नयाँ दुनियाँ स्थापना गर्नुहुन्छ। बाबा कैयौं पटक नयाँ दुनियाँ स्थापना गर्न आउनु भएको हो, फेरि नर्कको विनाश हुन्छ। नर्क कति ठूलो छ, स्वर्ग कति सानो छ। नयाँ दुनियाँमा हुन्छ एक धर्म। यहाँ त कति धेरै धर्म छन्। लेखिएको पनि छ शङ्करद्वारा विनाश। अनेक धर्मको विनाश हुन्छ फेरि ब्रह्माद्वारा एक धर्मको स्थापना हुन्छ। यो धर्म कसले स्थापना गर्नुभयो? ब्रह्माले त गरेनन्! ब्रह्मा नै पतितबाट फेरि पावन बन्छन्। मेरो लागि त भन्दैनन् पतितबाट पावन। पावन हुन्छन्, त्यसैले लक्ष्मी-नारायण नाम रहन्छ, पतित भएकाले ब्रह्मा नाम रहन्छ। ब्रह्माको दिन, ब्रह्माको रात। उहाँ (शिवबाबा)लाई अनादि रचयिता भनिन्छ। आत्माहरू त छँदै छन् नि। आत्माहरूलाई रचयिता भनिँदैन, त्यसैले अनादि भनिन्छ। बाबा अनादि भए आत्माहरू पनि अनादि छन्। खेल पनि अनादि छ। यो अनादि बनिबनाऊ ड्रामा हो। स्व आत्मालाई सृष्टिचक्रको आदि-मध्य-अन्त्यको अवधि को ज्ञान मिल्छ। यो कसले दिनु भयो? बाबाले। तिमी २१ जन्मको लागि सनाथ बन्छौ फेरि रावण राज्यमा अनाथ बन्छौ। फेरि चरित्र बिग्रिन थाल्छ। विकार छन् नि। मनुष्यले सम्झन्छन् नर्क-स्वर्ग सबै सँगै चल्छ। अहिले तिमी बच्चाहरूलाई कति स्पष्ट सम्झाइन्छ। अहिले तिमी गुप्त छौ, शास्त्रमा के के लेखिदिएका छन्। कति अलमलिएका छन्। बाबालाई नै बोलाउँछन्। हामी कुनै कामका रहेनौं। आएर पावन बनाएर हाम्रो चरित्र सुधार्नुहोस्। तिम्रो चरित्र कति सुध्रिन्छ। कति त सुध्रिनुको साटो अझै बिग्रिन्छन्। चालचलनबाट नै थाहा हुन्छ। आज हंस कहलाउँछन्, भोलि बकुल्ला बन्न थाल्छन्। यसमा समय लाग्दैन। माया पनि धेरै गुप्त छ। यहाँ केही देखिनमा कहाँ आउँछ र! बाहिर निस्क्यो भने देखा पर्छ फेरि आश्चर्यवत् सुनन्ती... भागन्ती हुन जान्छन्। यति जोडले खस्छन् जसले गर्दा हात-खुट्टा नै टुट्छन्। इन्द्रप्रस्थको कुरा हो। थाहा त भइहाल्छ। यस्ता फेरि सभामा आउनु हुँदैन। अलिकति पनि ज्ञान सुनेको छ भने पनि स्वर्गमा त आइहाल्छ। ज्ञानको विनाश हुँदैन। अहिले बाबा भन्नुहुन्छ– पुरुषार्थ गरेर उच्च पद प्राप्त गर। यदि विकारमा गयौ भने पद भ्रष्ट हुन्छ। अहिले तिमीले जान्दछौ– यो चक्र कसरी घुम्छ।

अहिले तिमी बच्चाहरूको बुद्धि कति परिवर्तन हुन्छ तैपनि मायाले धोका अवश्य दिन्छ। इच्छा मात्रम् अविद्या। कुनै इच्छा राख्यो भने गयो। कौडी तुल्य बन्छन्। राम्रा राम्रा महारथीहरूलाई पनि मायाले कुनै न कुनै प्रकारले

धोका दिन्छ फेरि उनीहरू दिलमा चढ्न सक्दैनन्। कति बच्चाहरू त यस्ता हुन्छन् जसले आफ्नो पितालाई पनि खतम गर्न बेर लगाउँदैनन्। परिवारलाई पनि खतम गरिदिन्छन्। तिनीहरू घोर पाप आत्मा हुन्। रावणले के के गराइदिन्छ। धेरै घृणा आउँछ। दुनियाँ कति फोहरी छ। यससँग कहिल्यै दिल लगाउनु हुँदैन। पवित्र बन्न धेरै हिम्मत चाहिन्छ। विश्वको बादसाहीको पुरस्कार लिनको लागि पवित्रता हो मुख्य। पवित्रताका विषयमा कति हङ्गामा हुन्छ। गान्धीले पनि भन्थे– हे पतित-पावन आऊ। अब बाबा भन्नुहुन्छ– इतिहास-भूगोल फेरि दोहोरिन्छ। सबै फर्केर आउनु नै छ, तब त सबै सँगै जान्छन्। बाबा पनि आउनु भएको छ– सबैलाई घरमा लैजानको लागि। बाबा नआएसम्म कोही पनि फर्केर जान सक्दैन। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) मायाको धोकाबाट बच्नको लागि कुनै पनि प्रकारको इच्छा राख्नु हुँदैन। इच्छा मात्रम् अविद्या बन्नु छ।

२) विश्वको बादसाहीको पुरस्कार लिनको लागि मुख्य हो पवित्रता, त्यसैले पवित्र बन्ने हिम्मत राख्नु छ। आफ्नो चरित्र सुधार्नु छ।

वरदानः– सदा यादको छत्रछाया मुनि , मर्यादाको रेखा भित्र रहने मायाजीत विजयी भव

बाबाको याद नै छत्रछाया हो, छत्रछायामा रहनु अर्थात् मायाजीत विजयी बन्नु। सदा यादको छत्रछाया मुनि र मर्यादाको रेखा भित्र रह्यौ भने भित्र आउने कसैको हिम्मत हुँदैन । मर्यादाको रेखाबाट बाहिर निस्कियौ भने माया पनि आफ्नो बनाउनमा होसियार छ। तर हामी अनेकौं पटक विजयी बनेका छौं, विजय माला हाम्रै यादगार हो– यस स्मृतिबाट सदा समर्थ रह्यौ भने मायासँग हार हुन सक्दैन।

स्लोगनः– सर्व खजानाहरूलाई स्वयंमा ग्रहण गर्यौ भने सम्पन्नताको अनुभव भइरहनेछ।